# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८३/०१/२२

**विषय: अतिक्रमण भएको सार्वजनिक जग्गाको विवरण संकलन गर्ने सम्बन्धी सूचना ।**

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ४१२, मिति २०८३/०१/१७ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने गराउने सम्बन्धमा लेखी आएको साथै जिल्ला प्रशासन कार्यालय, गुल्मीको मिति २०८३/०१/२१ को सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण सम्बन्धी जरुरी सूचना अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नु स्थानीय सरकारको जिम्मेबारी रहेको, सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा विभिन्न माध्यमबाट सवालहरु आउने गरेकाले यस गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकहरुले आफ्नो टोल, छिमेकमा कसैले सार्वजनिक जग्गा अतिक्रमण गरेको थाहा भएमा उक्त जग्गा अतिक्रमण गर्ने व्यक्तिको विवरण, अतिक्रमित जग्गाको स्थलगत जानकारी यस सूचना प्रकाशन मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको ईमेल ठेगाना satyawatigaunpalika@gmail.com र जिल्ला प्रशासन कार्यालय, गुल्मीको ईमेल ठेगाना daogulmi2046@gmail.com मा पठाउन सकिनेछ । साथै त्यस्ता निवेदकहरुले दिएको सूचना गोप्य राखी जग्गाको नापजाँच तथा संरक्षणका अन्य कार्य अगाडी बढाईनेछ ।

**नोट: थप जानकारीको लागि सम्पर्क नं.: ९८५६०५०६२४**

नेत्र प्रसाद पाण्डे
नि.प्रमुख प्रशासकीय अधिकृत
नि० प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo